# पूर्व-दर्ताको परीक्षणसम्बन्धी प्रश्नावली

| Q# | परीक्षणसम्बन्धी प्रश्न | गर्नुपर्ने कार्य |
|---|---|---|
| **1.** | **तपाईंलाई यसअघि कहिल्यै Pfizer- BioNTech कोभिड-19 खोपको मात्रा वा खोपका कुनै पनि सामग्री (पोलिथिलिन ग्लाइकोल समावेश भएको) मा गम्भीर जीवन-जोखिममा पार्ने एलर्जिक प्रतिक्रिया* (जस्तै एनाफिलेक्सिस) देखिएको छ?**<br>**वा**<br>**तपाईंलाई यसअघि कहिल्यै Pfizer- BioNTech कोभिड-19 खोपको मात्रा लिएको 4 घण्टाभित्र कुनै गम्भीरताको एलर्जिक प्रतिक्रिया देखिएको छ वा खोपका विशेष सामग्री (पोलिथिलिन ग्लाइकोल समावेश भएको) मा एलर्जी निदान गरिएको छ? (*नोट: एलर्जिक प्रतिक्रियाहरूमा छालामा रातो धब्बा देखिने; अनुहार, मुख वा घाँटी सुन्निने; वा स्वाँ-स्वाँ हुने र श्वासप्रश्वासमा कठिनाइ हुने जस्ता लक्षणहरू पर्न सक्छन्।*)**<br>**Pfizer- BioNTech खोपका सामग्रीहरूमा निम्न समावेश हुन्छन्:**<br>• मेसेन्जर RNA (mRNA)<br>• लिपिडहरू:<br>o ((4-hydroxybutyl)azanediyl)bis(hexane-6,1-diyl)bis(2-hexyldecanoate)<br>o 2[(polyethylene glycol)-2000]-N,N-ditetradecylacetamide<br>o 1,2-distearoyl-sn-glycero-3-phosphocholine<br>o कोलेस्ट्रोल<br>• पोटासियम क्लोराइड<br>• मोनोबेसिक पोटासियम फोस्फेट<br>• सोडियम क्लोराइड<br>• डिबेसिक सोडियम फोस्फेट डिहाइड्रेट<br>• सुक्रोज | |
| | ➢ **छ** | Pfizer-BioNTech वा Moderna खोप नदिनुहोस्। Janssen खोपमा कुनै कन्ट्राइन्डिकेशन छैन भने व्यक्तिलाई उक्त खोप दिइन सकिन्छ (तलको **प्रश्न 3** मा हेर्नुहोस्) तर व्यक्तिले पहिले आफ्नो प्राथमिक स्याहार प्रदायकसँग आफ्नो एलर्जी इतिहास बारे छलफल गरेर क्लिनिकल मूल्याङ्कन गराउनुपर्छ। पहिले कुनै पनि Pfizer खोपको मात्रा (लागूयोग्य भएमा) दिएपछि कम्तीमा 28 दिनमा Janssen खोप दिइने तालिका निर्धारण गरिनुपर्छ। |
| | ➢ **छैन** | प्रश्न #2 मा जानुहोस् |
| **2.** | **तपाईंलाई यसअघि कहिल्यै Moderna कोभिड-19 खोपको मात्रा वा खोपका कुनै पनि सामग्री (पोलिथिलिन ग्लाइकोल समावेश भएको) मा गम्भीर जीवन-जोखिममा पार्ने एलर्जिक प्रतिक्रिया* (जस्तै एनाफिलेक्सिस) देखिएको छ?**<br>**वा**<br>**तपाईंलाई यसअघि कहिल्यै Moderna कोभिड-19 खोपको मात्रा लिएको 4 घण्टाभित्र कुनै गम्भीरताको एलर्जिक प्रतिक्रिया देखिएको छ वा खोपका विशेष सामग्री (पोलिथिलिन ग्लाइकोल समावेश भएको) मा एलर्जी निदान गरिएको छ? (*नोट: एलर्जिक प्रतिक्रियाहरूमा छालामा रातो धब्बा देखिने; अनुहार, मुख वा घाँटी सुन्निने; वा स्वाँ-स्वाँ हुने र श्वासप्रश्वासमा कठिनाइ हुने जस्ता लक्षणहरू पर्न सक्छन्।*)**<br>**Moderna खोपका सामग्रीहरूमा निम्न समावेश हुन्छन्:**<br>• मेसेन्जर RNA (mRNA)<br>• लिपिडहरू:<br>o SM-102 (Moderna को स्वामित्वकर्ता)<br>o Polyethylene glycol [PEG] 2000 dimyristoyl glycerol [DMG]<br>o 1,2-distearoyl-sn-glycero-3-phosphocholine [DSPC] | |

| | |
|---|---|
| | o कोलेस्ट्रोल<br>• ट्रोमेथमाइन<br>• ट्रोमेथमाइन हाइड्रोक्लोराइड<br>• एसेटिक एसिड<br>• सोडियम एसिटेट<br>• सुक्रोज |

| | | |
|---|---|---|
| | ➢ **छ** | Moderna वा Pfizer-BioNTech खोप नदिनुहोस्। Janssen खोपमा कुनै कन्ट्राइन्डिकेशन छैन भने व्यक्तिलाई उक्त खोप दिइन सकिन्छ (तलको **प्रश्न 3** मा हेर्नुहोस्) तर व्यक्तिले पहिले आफ्नो प्राथमिक स्याहार प्रदायकसँग आफ्नो एलर्जी इतिहास बारे छलफल गरेर क्लिनिकल मूल्याङ्कन <u>गराउनुपर्छ</u>। पहिले कुनै पनि Moderna खोपको मात्रा (लागूयोग्य भएमा) दिएपछि कम्तीमा 28 दिनमा Janssen खोप दिइने तालिका निर्धारण गरिनुपर्छ। |
| | ➢ **छैन** | प्रश्न #3 मा जानुहोस् |
| **3.** | **तपाईंलाई यसअघि कहिल्यै Janssen कोभिड-19 खोपको मात्रा वा खोपका कुनै पनि सामग्री (पोलिसोरबेट समावेश भएको) मा <u>गम्भीर जीवन-जोखिममा पार्ने एलर्जिक प्रतिक्रिया</u>* (जस्तै एनाफिलेक्सिस) देखिएको छ?**<br>**<u>वा</u>**<br>**तपाईंलाई यसअघि कहिल्यै Janssen कोभिड-19 खोपको मात्रा लिएको 4 घण्टाभित्र <u>कुनै गम्भीरताको एलर्जिक प्रतिक्रिया</u> देखिएको छ वा खोपका विशेष सामग्री (पोलिसोरबेट सहितको) मा एलर्जी निदान गरिएको छ? (*नोट: एलर्जिक प्रतिक्रियाहरूमा छालामा रातो धब्बा देखिने; अनुहार, मुख वा घाँटी सुन्निने; वा स्वाँ-स्वाँ हुने र श्वासप्रश्वासमा कठिनाइ हुने जस्ता लक्षणहरू पर्न सक्छन्।*)**<br><br>**<u>Janssen खोपका सामग्रीहरूमा निम्न समावेश हुन्छन्</u>:**<br>• सक्रिय नगरिएका एडिनोभाइरसका कणहरू<br>• साइट्रिक एसिड मोनोहाइड्रेट<br>• ट्राइसोडियम साइट्रेट डिहाइड्रेट<br>• इथानोल<br>• 2-hydroxypropyl-β-cyclodextrin (HBCD)<br>• पोलिसोरबेट-80<br>• सोडियम क्लोराइड | |
| | ➢ **छ** | Janssen खोप नदिनुहोस्। Pfizer वा Moderna खोपहरूमा कुनै कन्ट्राइन्डिकेशन छैन भने व्यक्तिलाई तीमध्ये कुनै पनि खोप दिइन सकिन्छ (तलको **प्रश्न 1 र 2** मा हेर्नुहोस्) तर व्यक्तिले पहिले आफ्नो प्राथमिक स्याहार प्रदायकसँग आफ्नो एलर्जी इतिहास बारे छलफल गरेर क्लिनिकल मूल्याङ्कन गराउनुपर्छ। |
| | ➢ **छैन** | प्रश्न #4 मा जानुहोस् |
| **4.** | **तपाईंलाई कहिल्यै कुनै पनि कुराबाट (अन्य औषधिहरू, खानेकुरा, पदार्थहरू, वातावरणीय अनावरणहरू, इत्यादि सहित) <u>गम्भीर जीवन-जोखिममा पार्ने एलर्जिक प्रतिक्रिया</u>* (जस्तै एनाफिलेक्सिस) देखिएको छ?**<br>**<u>वा</u>**<br>**तपाईंलाई अर्को खोप वा सुईबाट लगाइने औषधि थेरापी (नसा, मांशपेशी वा छालाको मूनी लगाइने औषधिका खोपहरूसहित) प्राप्त गरेको 4 घण्टा भित्र <u>कुनै गम्भीरताको एलर्जिक प्रतिक्रिया</u> भएको छ?** | |
| | ➢ **छ** | व्यक्तिले खोप लगाउने तालिका निर्धारण गर्न सक्नुहन्छ तर पहिले व्यक्तिलाई आफ्नो प्राथमिक स्याहार चिकित्सकसँग आफ्नो एलर्जी इतिहास र खोपका सम्भावित जोखिम र लाभहरू बारे छलफल गर्न सिफारिस गरिन्छ। व्यक्तिलाई "*निश्चित स्वास्थ्य अवस्थाहरू भएका व्यक्तिहरूको लागि कोभिड-19 खोप बारे जानकारी*" उपलब्ध गराउनुहोस्। उनीहरूले खोप लगाएपछि, उनीहरूलाई 30 मिनेटको लागि अवलोकन गरिनेछ। |
| | ➢ **छैन** | प्रश्न #5 मा जानुहोस् |

| | |
|---|---|
| **5.** | **तपाईंले अघिल्लो 90 दिनमा कोभिड-19 को उपचार गर्न निष्क्रिय एन्टिबडी थेरापी (यसमा बामलानिभिमाब र कासिरिभिमाब/इम्डेभिमाब जस्ता स्वास्थ्यलाभ सम्बन्धित प्लाज्मा र मोनोक्लोनल एन्टिबडीहरू समावेश हुन्छ) प्राप्त गर्नुभएको छ? (** ***नोट: व्यक्तिले खोपसँग हस्तक्षेप गर्ने एन्टिबडी थेरापीको सम्भावनालाई रोक्न कोभिड-19 को उपचारको रूपमा निष्क्रिय एन्टिबडी थेरापी प्राप्त गरेपछि सो व्यक्तिलाई कम्तीमा 90 दिनको लागि कोभिड-19 खोपहरू दिनुहुँदैन।*****)** |

| | | |
|---|---|---|
| | ➢ **छ** | निष्क्रिय एन्टिबडी थेरापी प्राप्त गरेको समयबाट 90 दिन नपुग्दासम्म खोप लगाउने तालिका निर्धारण नगर्नुहोस्। |
| | ➢ **छैन** | प्रश्न #6 मा जानुहोस् |
| **6.** | **तपाईंले अघिल्लो 14 दिनमा अर्को असम्बन्धित खोप (उदाहरण, इन्फ्लुएन्जा) लगाउनुभएको छ?**<br>**(*नोट: कोभिड-19 खोप अन्य खोपहरूबाट अलग राखेर एक्लै र कम्तीमा 14 दिनमा दिनुपर्छ।*)**<br>➢ **यदि छ भने, तपाईंले अन्तिम पटक अन्य खोप लगाउनुभएको मिति कहिले थियो? (मिति प्रविष्ट गर्नुहोस्)** | |
| | ➢ **छ** | अन्य खोप(हरू) लगाएको समयबाट 14 दिन नपुग्दासम्म खोप लगाउने तालिका निर्धारण नगर्नुहोस्। |
| | ➢ **छैन** | प्रश्न #7 मा जानुहोस् |
| **7.** | **के तपाईं गम्भीर रूपमा इम्युनोकम्प्रोमाइज्ड हुनुभएको छ**(के तपाईंको प्रतिरक्षा प्रणाली कमजोर भएको र राम्रोसँग काम नगरिरहेको छ)?** | |
| | ➢ **छ** | व्यक्तिले खोप लगाउने तालिका निर्धारण गर्न सक्नुहन्छ तर पहिले व्यक्तिलाई आफ्नो अवस्थाको रेखदेख गर्ने प्रदायकसँग इम्युनोसप्रेसिभको अवस्था र खोपका सम्भावित जोखिम र लाभहरू बारे छलफल गर्न सिफारिस गरिन्छ। व्यक्तिलाई "*निश्चित स्वास्थ्य अवस्थाहरू भएका व्यक्तिहरूको लागि कोभिड-19 खोप बारे जानकारी*" उपलब्ध गराउनुहोस्। |
| | ➢ **छैन** | प्रश्न #8 मा जानुहोस् |
| **8.** | **तपाईं हाल गर्भवती हुनुहुन्छ?** | |
| | ➢ **छ** | व्यक्तिले खोप लगाउने तालिका निर्धारण गर्न सक्नुहन्छ तर पहिले व्यक्तिलाई आफ्नो प्रसूति-विज्ञान चिकित्सकसँग आफ्नो गर्भावस्था र खोपका सम्भावित जोखिम र लाभहरू बारे छलफल गर्न सिफारिस गरिन्छ। व्यक्तिलाई "*निश्चित स्वास्थ्य अवस्थाहरू भएका व्यक्तिहरूको लागि कोभिड-19 खोप बारे जानकारी*" उपलब्ध गराउनुहोस्। |
| | ➢ **छैन** | समाप्त |

***** गम्भीर जिवनलाई खतरामा पुर्‍याउने एलर्जिक प्रतिक्रियाहरूमा तपाईंको अनुहार, मुख वा घाँटी सुन्निने जस्ता अनाफाइलाक्सिसका लक्षणहरू; स्वाँस्वा हुने वा सास फेर्नमा कठिनाई; अकस्मात रक्त चाप गुम्ने समावेश हुन्छ र सामान्यतया व्यक्तिलाई इपिनेफ्रिन दिन र अस्पतालमा जान आवश्यक हुन्छ।

****** गम्भीर रूपमा प्रतिरक्षा प्रणाली कमजोर अवस्थाहरूमा क्यान्सरको लागि केमोथेरापीमा रहनेर, हेमाटोपोइटिक स्टिम सेल वा ठोस अङ्ग प्रत्यारोपण प्राप्त गर्नबाट एक वर्षसम्म बाहिर रहने, 200 को गिन्तीभन्दा कम CD4 लिम्फोसाइटद्वारा उपचार नगरिएको HIV, प्राथमिक इम्युनोडिफिसेन्सी विकार, स्टेरोइडहरूको उच्च स्तर, इत्यादि।